प्रस्तावहरु :

प्रस्ताव नं. १ : वार्षिक प्रगति समिक्षा सम्वन्धमा ।

प्रस्ताव नं. २ : चालु आ.व. २०७७।०७८ को मासिक प्रगति सम्वन्धमा ।

प्रस्ताव नं. ३ : विद्यालय संचालन सम्वन्धमा ।

प्रस्ताव नं. ४ : कर्मचारी छनौट समिति सम्वन्धमा ।

निर्णय नं. १ :

यस गाउँपालिकाको गत आ.व. २०७६।०७७ मा संचालन भएका योजना, कार्यक्रम र सेवा प्रवाह सम्वन्धी वार्षिक प्रगति समिक्षा २०७७।०६।०५ गते गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :

यस भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत विषयगत शाखाबाट सम्पादन हुने कार्य तथा सेवाहरुको मासिक प्रगति प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा अनिवार्य पेश गर्ने व्यवस्थाको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

निर्णय नं. ३ :

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोभल कोरोना भाईरस (कोभिड -१९) को संक्रमणबाट बच्न, रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले विभिन्न मिति र समयमा गरेका निर्णय अनुसार यस भगवतीमाई गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा शैक्षिक गतिविधिहरु पुर्ण रुपमा स्थगित रहेको हुँदा आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड तथा सतर्कता अपनाई विद्यालय संचालन गर्न गाउँ शिक्षा समितिले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ४ :

यस गाउँपालिकामा ५ शैयाको अस्थायी कोभिड अस्पताल निर्माणको लागि नेपाल सरकारबाट बजेट प्राप्त भएको र तत् पश्चात यस गाउँपालिकाको १५ शैयाको अस्पताल संचालन गर्नु पर्ने भएको हुँदा अस्थायी कोभिड अस्पताल र यस गाउँपालिकाको सातौं गाउँसभाबाट १५ शैयाको अस्पताल संचालनको लागि स्वीकृत दरवन्दीमा कर्मचारी पदपूर्तिको लागि देहायको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | पद | नामथर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | भगवतीमाई गाउँपालिका, दैलेख | अध्यक्ष | |
| २. | मेडिकल अधिकृत | स्वास्थ्य कार्यालय दैलेख | सदस्य (विषय विज्ञ) | |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | डुंगेश्वर गाउँपालिका, दैलेख | सदस्य | |
| ४. | स्वास्थ्य शाखा प्रमुख | भगवतीमाई गाउँपालिका, दैलेख | सदस्य सचिव | |



Scanned with CamScanner